16 July 2024

National News

मुख्य समाचार

- न्यायामूर्ति एन. कोटिश्वर सिंह अनि न्यायामूर्ति आर. महादेवन सर्वोच्च न्यायालयका न्यायाधीश नियुक्त
- संसदको बजेट सत्र 22 जुलाईदेखि, 21 जुलाईमा हुनेछ सर्वदलीय बैठक
- आतङ्ककारीसितको भिडन्तमा पाँच सुरक्षाकर्मी शहिद
- किसानहरूसँग प्रत्यक्ष सम्पर्क स्थापित गर्न वैज्ञानिकहरूलाई कृषिमन्त्रीले दिनुभयो सुझाउ
- विदेश मन्त्री डा. जयशंकर र मरिससका प्रधानमन्त्री श्री जगन्नाथले 12 सामुदायिक परियोजनाको गर्नुभयो उद्घाटन
- टेनिस खेलाडी सुमित नागलको एटीपी ऱ्याकिङ्मा सुधार

राष्ट्रपति – सर्वोच्च न्यायालय

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले न्यायाधीश न्यायामूर्ति एन. कोटिश्वर सिंह र न्यायामूर्ति आर. महादेवनलाई सर्वोच्च न्यायालयमा न्यायाधीश नियुक्त गर्नुभएको छ। न्यायाधीश एन. कोटिश्वर सिंह हाल जम्मू कश्मीर अनि लद्दाख उच्च न्यायालयका मुख्य न्यायाधीश हुनुहुन्छ भने न्यायाधीश आर महादेवन मद्रास उच्च न्यायालयका न्यायाधीश हुनुहुन्छ।

सर्वदलीय बैठक

सरकारले संसदको बजेट अधिवेशनअघि आइतबार सर्वदलीय बैठक बोलाएको छ। बैठकमा सरकारले संसद्का दुवै सदनको कामकाजलाई सहज बनाउन सबै राजनीतिक दलसँग सहयोग माग्नेछ । बजेट अधिवेशन यही महिनाको २२ तारिकदेखि अर्को महिनाको १२ तारिकसम्म चल्नेछ । केन्द्रीय बजेट २३ जुलाईको दिन प्रस्तुत हुनेछ। यो बजेट श्री नरेन्द्र मोदी सरकारको तेस्रो कार्यकालको पहिलो बजेट हुनेछ। गत महिना संसदको दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्दै राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले यो बजेट सरकारको दूरगामी नीति र भविष्यवादी दृष्टिकोणको प्रभावकारी दस्तावेज हुने बताउनु भएको थियो।

## जम्मू-कश्मीर-डोडा भिडन्त

जम्मू कश्मीरमा गए राति भएको भिडन्तमा सेनाका एकजना अधिकारी र एक विशेष अपरेशन टोलीका सिपाही सहित पाँच सुरक्षाकर्मी शहीद भएका छन्। हिजो राति डोडा जिल्लामा सेना र आतंककारीबीच सुरु भएको भिडन्तमा यी सैनिकहरू गम्भीर घाइते भएका थिए।

आतंकवादीहरूको उपस्थिति बारे प्राप्त जानकारीको आधारमा, राष्ट्रिय राइफल्स र जम्मू कश्मीर पुलिसको विशेष अपरेशन टोलीले हिजो राती धारी गोटे क्षेत्रमा संयुक्त घेरा र खोजी अभियान सुरु गरेका थिए। यस गोलीबारीमा एक अधिकारी सहित पाँच सैनिक गम्भीर घाइते भएका थिए, उनीहरूको आज मृत्यु भयो।

यसैबीच, रक्षामन्त्री श्री राजनाथ सिंहले आतंकवाद विरोधी कारबाहीमा भारतीय सेनाका बहादुर सैनिकहरूले वीरगति प्राप्त गरेकोमा दुःख व्यक्त गर्नुभएको छ। श्री सिंहले कर्तव्य पालनामा आफ्नो जीवन बलिदान गर्ने सैनिकहरूको परिवारको साथमा राष्ट्र खडा भएको बताउनु भएको छ। उहाँले आतंकवाद विरोधी अभियान जारी रहेको र भारतीय सेना आतंकवादको अन्त्य र क्षेत्रमा शान्ति स्थापना गर्न प्रतिबद्ध रहेको बताउनु भएको छ।

## रक्षा स्वदेशीकरण

सरकारले आयात घटाउन र रक्षा क्षेत्रमा आत्मनिर्भरता बढाउन ३४६ वस्तुहरू समावेश गरी पाँचौं सकारात्मक स्वदेशीकरण सूची - PIL लाई अधिसूचित गरेको छ। यसमा रणनीतिक रूपमा महत्त्वपूर्ण लाइन प्रतिस्थापन एकाइहरू, स्पेयरहरू, कम्पोनेन्टहरू र कच्चा मालहरू समावेश छन्, जसको आयात प्रतिस्थापन मूल्य 1 हजार करोड रुपियाँ भन्दा बढी छ। यी सामग्री भारतीय उद्योगबाट मात्र खरिद गरिने रक्षा मन्त्रालयले जनाएको छ । तीन वर्षमा १२ हजार ३०० भन्दा धेरै वस्तु स्वदेशी बनाइएको मन्त्रालयले जनाएको छ ।

## सरकारी साक्षीहरू

केन्द्र सरकारले राज्य र केन्द्रशासित प्रदेशहरूलाई भनेको छ, पुलिस स्टेशनहरू र पुलिस विभागको नियन्त्रणमा रहेका ठाउँहरू नै साक्षीहरूसित सोधपुछ गर्नका लागि तोकिनु हुँदैन। केन्द्रीय गृह सचिव श्री अजय भल्लाले यस सम्बन्धमा सबै राज्य र केन्द्र शासित प्रदेशका मुख्य सचिवहरूलाई पत्र लेख्नु भएको छ।  भारतीय नागरिक रक्षा संहिता, 2023 अन्तर्गत, सबै पुलिस स्टेशनहरूलाई अडियो-भिडियो इलेक्ट्रोनिक माध्यम मार्फत साक्षीहरूलाई सोधपुछको लागि निर्धारितको ठाउँ पहिचान गर्न भनिएको छ।

## चौहान - कृषि उत्पादन

केन्द्रीय कृषि तथा किसान कल्याण मन्त्री श्री शिवराज सिंह चौहानले उत्पादन बढाउन वैज्ञानिकहरूले किसानसँग प्रत्यक्ष सम्पर्क गर्नुपर्ने बताउनु भएको छ। नयाँ दिल्लीमा भारतीय कृषि अनुसन्धान परिषद्को ९६औँ स्थापना दिवसको उद्घाटनपछि श्री चौहानले यस्तो विचार साझा गर्नुभएको हो।

किसानको आम्दानी दोब्बर बनाउनेलगायतका लक्ष्य हासिल गर्न वैज्ञानिक, विश्वविद्यालय, कलेज र कृषि विज्ञान केन्द्रसँग आबद्ध सबैले मिलेर काम गर्नुपर्ने उहाँले बताउनु भयो। श्री चौहानले आज पनि देशको आधा जनसङ्ख्या जीविकोपार्जनका लागि कृषिमा निर्भर रहेको र कृषि सरकारको उच्च प्राथमिकताको क्षेत्र रहेको बताउनु भयो ।

अन्न उत्पादनमा मात्र आत्मनिर्भर नभएर देशले मत्स्यपालन र दूध उत्पादनमा पनि अभूतपूर्व वृद्धि हासिल गरेको कृषिमन्त्रीले बताउनुभयो ।

उहाँले दाल र तिलहनमा पनि देशलाई आत्मनिर्भर बनाउन सरकार प्रतिबद्ध रहेको छ भन्नुभयो। उहाँले उत्पादनमा असर नपर्ने गरी जैविक खेतीमा ध्यान दिन वैज्ञानिकहरुलाई आग्रह गर्नुभयो ।

## CBI-NEET पक्राउ

NEET-UG पेपर लीक प्रकरणमा केन्द्रीय अनुसन्धान ब्यूरो-सीबीआईले थप दुई जनालाई पक्राउ गरेको छ। जस मध्ये एक जना अभियुक्त पटनाबाट पक्राउ परेका छन् । उनी बोकारो, झारखण्डका निवासी हुन्, जसमाथि हजारीबागमा रहेको राष्ट्रिय परीक्षण एजेन्सी केन्द्रबाट NEET-UG परीक्षाको पेपर चोरेको आरोप छ। हजारीबागबाट पेपर चोरेको आरोपमा अर्को एक जना पक्राउ परेका छन् । सीबीआईले हालसम्म झारखण्डको एक विद्यालयबाट प्राचार्य र सह-प्राचार्यसहित १४ जनालाई पक्राउ गरि सकेको छ।

## बिहार- महाराष्ट्र दुर्घटना

बिहारको पटना जिल्लामा आज बिहान भएको एउटा सडक दुर्घटनामा छ जनाको मृत्यु भएको छ भने सात जना घाइते भएका छन् । यो दुर्घटना पटना-बख्तियारपुर राजमार्गमा भएको थियो।

अर्कोतिर, महाराष्ट्रको मुम्बई-पुणे एक्सप्रेसवेमा तीर्थयात्री बोकेको बस एउटा ट्र्याक्टरसँग ठोक्किँदा पाँच जनाको मृत्यु भएको छ भने अन्य ४२ जना घाइते भएका छन् । यो दुर्घटना हिजो मध्यरातमा नवी मुम्बईको पनवेल नजिक भएको थियो ।

## जयशंकर-मरिसस

विदेशमन्त्री डा. एस जयशंकरले आज पोर्ट लुइसमा मरिससका प्रधानमन्त्री श्री प्रविन्द कुमार जगन्नाथसँग भेट गर्नुभयो। भेटमा दुवै नेताले भारत-मरिसस सम्बन्ध र स्थायी साझेदारीको समीक्षा गर्नुभयो। डा जयशंकरले भारत-मरिसस सम्बन्धको निरन्तर सहयोग र सुदृढीकरणको लागि आफू तत्पर रहेको बताउनु भयो।

श्री जगन्नाथ र डा जयशंकरले १२ वटा सामुदायिक विकास परियोजनाहरूको उद्घाटन गर्नुभयो। उहाँहरूले अन्तरिक्ष सहयोग, पाठ्यक्रम अनुसन्धानका लागि राष्ट्रिय संस्थानको विकास, संस्कृत र भारतीय दर्शनका लागि आईसीसीआर अध्यक्षको नवीकरण र भारतीय अध्यागमन अभिलेखहरूको डिजिटलाइजेशनका लागि सम्झौताहरूको आदानप्रदान गर्नुभयो।

विदेश मन्त्रीले भारतको प्रवासी नागरिक (ओसीआई) कार्डहरू सातौं पुस्ताका मरिसियन नागरिकहरूलाई वितरण गर्नुभयो।

विदेशमन्त्री डा. सुब्रमण्यम जयशंकर दुई दिने औपचारिक भ्रमणमा आज मरिसस पुग्नु भएको हो।

## उत्तर प्रदेश बाढी

उत्तर प्रदेशका १७ जिल्लाका एक हजार पाँच सयभन्दा धेरै गाउँ बाढीको चपेटमा परेका छन्। बरेली, पीलीभीत र शाहजहांपुरका सहरी क्षेत्रमा पनि बाढीको अवस्था छ। मुख्यमन्त्री श्री योगी आदित्यनाथले आज स्थितिको समीक्षा गर्नका साथै अधिकारीहरूलाई २४ घण्टाभित्र बाढी प्रभावितहरूलाई सहयोग गर्न निर्देशन दिनु भयो। मुख्यमन्त्रीले बालीनाली वा बाढीपहिरोबाट हुने धनजनको क्षतिलगायतका क्षतिबाट पीडितलाई तत्काल आर्थिक सहयोग गर्न निर्देश दिनुभएको छ। श्री योगी आदित्यनाथले अधिकारीहरूलाई लगातार बाढीको अवस्था र नदी र बाँधहरूको पानीको स्तरको निगरानी गर्न निर्देश दिनुभएको छ ।

## नागल ऱ्याकिङ

पेरिस ओलम्पिकका लागि क्वालीफाई गरिसकेका भारतका टेनिस खेलाडी सुमित नागल एटीपी ऱ्याङ्किकङमा करियर कै सर्वश्रेष्ठ 68औं स्थानमा पुगेका छन्। नागललाई पाँच स्थानको लाभ प्राप्त भएको छ। उनको पछिल्लो सर्वश्रेष्ठ ऱ्याङ्किकङ 71 रहेको थियो।